# जोखिमयुक्त बस्ती स्थानान्तरण तथा पुनर्स्थापना सम्बन्धी कार्यविधि

सम्बत् २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिका परकम्पका कारणबाट प्रभावित जोखिमयुक्त बस्तीका बासिन्दा एवं घर परिवारहरुको आवश्यक व्यवस्था मिलाउन भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी ऐन, २०७२ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी प्राधिकरणले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारंभ :** (१) को कार्यविधिको नाम "जोखिमयुक्त बस्ती स्थानान्तरण तथा पुनर्स्थापना सम्बन्धी कार्यविधि, २०७३" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(१) "कार्यालय" भन्नाले प्राधिकरण, प्राधिकरणको काम गर्ने गरी तोकिएको कार्यालय, आयोजना एवं सचिवालयसमेतलाई जनाउने छ।

(२) "जोखिमयुक्त बस्ती" भन्नाले भौगर्भिक अध्ययन प्रतिवेदनको आधारमा प्राधिकरणबाट जोखिमयुक्त बस्ती भनी यकिन भएका स्थानान्तरण गर्नु पर्ने वस्ती वा बस्तीका घर परिवारसमेत संझनु पर्छ।

(३) "लाभग्राही" भन्नाले भूकम्पबाट प्रभावित निजी आवास लगत संकलन कार्यक्रमबाट प्राधिकरणले लाभग्राही सूचीमा समावेश गरेका घर परिवार सम्झनु पर्छ र सो शब्दले लाभग्राही सूचीमा समावेश नभए तापनि जोखिमयुक्त बस्ती भनी यकिन भएका वस्तीका घर परिवारहरुलाई समेत जनाउँछ।

(४) " स्थानीय तह " भन्नाले गाँउपालिका वा नगरपालिका संझनु पर्छ।

(५) "उपभोक्ता समिति " भन्नाले लाभग्राहीहरुमध्येबाट प्रचलित कानून बमोजिम गठन भएका उपभोक्ता समितिहरुलाई जनाउँछ।

३. **वस्ती स्थानान्तरण गर्नुपर्ने परिवारको तथ्याङ्क संकलन :**

(१) भौगर्भिक अध्ययन प्रतिवेदनको आधारमा वस्ती एवं वस्तीका घर परिवारलाई देहायबमोजिम वर्गीकरण गरिने छ।

- केही गर्नु नपर्ने वस्ती एवं वस्तीको घरपरिवार ।
- संरक्षण एवं आवश्यक सुधार गर्नु पर्ने वस्ती एवं वस्तीका घरपरिवार ।
- स्थानान्तरण गर्नु पर्ने वस्ती वा वस्तीका घर परिवारहरु ।

(२) जोखिमयुक्त वस्तीका लाभग्राही सूचीमा नाम समावेश भएका स्थानान्तरण हुने वा हुनु नपर्ने घर परिवाहरुको छुट्टा  छुट्टै तथ्याङ्क संकलन गरिने छ ।

(३) उपदफा (१) बमोजिम संकलन भएको तथ्याङ्कमा समावेश भएका लाभग्राहीलाई साविकदेखि बसोबास गरी आएको वस्तीमा आवश्यक सुधार एवं संरक्षण गरी बसोबास योग्य भएको अवस्थामा त्यस्ता वस्तीका लाभग्राहीलाई निजी आवास पुनर्निर्माण अनुदान सम्बन्धी कार्यविधि, २०७३ बमोजिमको रकम उपलब्ध गराईने छ ।

(४) यस कार्यविधि बमोजिम जोखिमयुक्त वस्ती भनी यकिन भएका वस्तीका लाभग्राहीले आफ्नो इच्छा अनुसार सम्बन्धित जिल्ला वा भूकम्प प्रभावित जिल्लामध्ये नजिकको जिल्लामा बसाई सराई गर्न सक्नेछन् । त्यस्ता घर परिवारलाई आँफै सुरक्षित जग्गा व्यवस्थापन गर्ने गरी नेपाल सरकारले तोके बमोजिमको अनुदान जग्गा खरीद सम्बन्धी लिखित प्रमाणको आधारमा सहयोगस्वरुप प्राधिकरणमार्फत एकमुष्ठ उपलब्ध गराइनेछ । निजले उक्त जग्गामा बसोबास गर्ने छ, साथै जोखिमयुक्त वस्तीमा बसोबास गर्न पाउने छैन । त्यस्तो जग्गामा निजी आवास पुनर्निर्माणको लागि निजलाई निजी आवास पुनर्निर्माण अनुदान सम्बन्धी कार्यविधि, २०७३ बमोजिमको रकम उपलब्ध गराईने छ ।

(५) उपदफा (३) बमोजिम दिइएको रकमबाट जग्गा खरिद गरेको प्रमाण लाभग्राहीले सम्बन्धित प्राधिकरणद्वारा तोकिएको कार्यालयमा बुझाउनु पर्ने छ । श्रीमान् श्रीमतीको हकमा जग्गा धनी प्रमाण पूर्जा उपलब्ध गराउँदा संयुक्त रुपमा उपलब्ध गराइनेछ ।

(६) उपदफा (३) बमोजिम लाभग्राहीले खरिद गरेको जग्गा दश वर्षसम्म कुनै व्यहोराले हक हस्तान्तरण गर्न पाउने छैन ।

## ४. जोखिमयुक्त वस्ती स्थानान्तरण

(१) जोखिमयुक्त वस्तीका लाभग्राहीहरु मध्येबाट कम्तिमा दश परिवार हुने गरी आँफैले उपभोक्ता समिति गठन गरी सो समितिले छनौट गरेको सुरक्षित स्थानमा एकिकृत बस्ती विकास गरी बस्ती स्थानान्तरण गर्न प्रोत्साहन गरिने छ । निजहरुलाई सुरक्षित जग्गा व्यवस्थापन गर्न माथि उपदफा ३ (३) मा भएको व्यवस्था भए बमोजिम सहयोग उपलब्ध हुनेछ । यसरी जग्गा प्राप्त भएपछि निजलाई निजी आवास पुनर्निर्माण अनुदान सम्बन्धी कार्यविधि, २०७३ बमोजिमको रकम उपलब्ध गराईने छ ।

(२) उपदफा (१) बमोजिम एकीकृत वस्ती विकास गरी बस्ती स्थानान्तरण गर्न चाहने लाभग्राहीहरुको जग्गा एकीकृत गरी प्राधिकरण वा प्राधिकरणले तोकेको कार्यालयबाट स्थानान्तरण तथा पुनर्स्थापना योजना तयार गरी क्रमिक रुपमा पूर्वाधार विकास गर्न छुट्टै कार्यक्रम बनाइने छ ।

- पूर्वाधार विकास भन्नाले स्थानीय तहको सहमतिमा एकीकृत वस्तीका लागि चाहिने आधारभूत आवश्यकता पूर्ति गर्न निर्माण गरिने संरचना जस्तै सडक, खानेपानी, विद्युत, स्वास्थ्य केन्द्र, शिक्षण संस्थाको क्रमिक रुपमा स्थापना गर्ने समेत बुझ्नु पर्दछ ।

(३) त्यस्ता स्थानान्तरण गर्ने वस्तीहरुमा लाभग्राहीलाई स्थानान्तरण गर्नुपर्दा भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि जग्गा प्राप्ति एवं जग्गा दर्ता सम्बन्धी कार्यविधि, २०७२ बमोजिम गर्नु पर्नेछ ।

## ५. पूर्वाधार निर्माणमा उपभोक्ता समिति वा लाभग्राही समुदायको सहभागिता :

(१) एकिकृत वस्ती विकासमा आवश्यक भौतिक पूर्वाधार विकासका कामहरु गर्दा उपभोक्ता समिति वा तोकिएका कार्यलयहरुमार्फत गरिने छ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायसंग क्षेत्रगत योजना सम्बन्धी पूर्वाधारका लागि काम गर्दा/गराउँदा खरिद कार्यविधि बमोजिमको सीमाभित्र रही काम गराउन सकिने छ ।

(३) एकिकृत वस्तीमा निर्माण हुने पूर्वाधार विकासको सुपरीवेक्षण राष्ट्रिय पुनर्निर्माण प्राधिकरण वा प्राधिकरणले तोकेको कार्यलयले गर्नेछ ।

## ६. जीविकोपार्जन सम्बन्धी कार्यक्रम सञ्चालन :

(१) एकीकृत वस्तीमा स्थानान्तरण भै आएका लाभग्राहीहरुलाई तिनीहरुको परम्परागत सीप वा जीवन निर्वाहको माध्यम पुनर्स्थापना गर्दा उपभोक्ता समिति गठन गर्नु पर्नेछ । उपभोक्ताका मागका आधारमा सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) यस कार्यविधि बमोजिम सञ्चालन हुने आयआर्जन सम्बन्धी कार्यक्रम सरकारी वा गैरसरकारी संस्थाबाट समेत गराइने छ ।

(३) आय आर्जन कार्यक्रमको स्वीकृति, संयोजन एवं अनुगमन जिल्ला समन्वय समितिको सचिवालयबाट गरिनेछ । सचिवालय खडा नभएका जिल्लाका हकमा उक्त कार्य जिल्ला समन्वय समितिको कार्यालयबाट गर्नु पर्नेछ ।

(४) एकल महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग एवं विपन्न व्यक्तिलाई जीविकोपार्जन तथा आय आर्जन कार्यक्रममा प्राथमिकता दिइने छ ।

७. भूकम्प प्रभावित जिल्लाहरुमा समुदायबाट स्थानीय तहको सहमतिमा एकीकृत वस्ती विकासका लागि माग भई आएमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण वा प्राधिकरणले तोकेको जिल्लास्थित निकायमा निवेदन दिएमा स्वीकृत दिन सकिनेछ । त्यस्ता वस्तीहरुमा पूर्वाधार विकासका काममा क्रमशः सहयोग पुऱ्याइनेछ ।

८. यस कार्यविधि बमोजिम गरिने कार्यहरु स्थानीय तह, सरकारी, एवं गैरसरकारी संस्थाहरु तथा उपभोक्ता समितिको काम निश्चित गरिएका मापदण्ड एवं प्रचलित कानून बमोजिम गरिनेछन् ।

९. भूकम्पपीडित लाभग्राहीले पाए सरहको ऋण सुविधा एवं सहुलियत जोखिमयुक्त वस्तीका बासिन्दाको पुनर्निर्माणमा समेत उपलब्ध गराउन बाधा पुग्ने छैन ।

१०. वस्ती स्थानान्तरण एवं पुनर्स्थापना सम्बन्धी आयोजना स्वीकृति र कार्यान्वयन गर्ने निकाय राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तोके बमोजिम हुनेछ ।

११. जोखिमयुक्त वस्तीका भूकम्पपीडित लाभग्राहीहरुको काममा संलग्न निकायहरुको भूमिका यस कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ । यसमा उल्लेख नभएका विषयहरु अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।